<u>बैठक संख्या ८</u>

आज मिति २०८१ साल पौष १९ गते शुक्रबारका दिन यस तेमाल गाउँपालिकाका अध्यक्ष श्री चन्द्र बहादुर तामाङज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमको प्रस्तावहरु माथी छलफल गरि निर्णय गरियो ।

<u>उपस्थिति</u>

| क्र.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | चन्द्र बहादुर तामाङ | अध्यक्ष | |
| २ | दलमान थोकर | उपाध्यक्ष | |
| ३ | इन्द्र बहादुर अधिकारी | सदस्य, वडा अध्यक्ष वडा नं. १ | |
| ४ | देव राज तामाङ | सदस्य, वडा अध्यक्ष वडा नं. २ | |
| ५ | विष्णु बहादुर तामाङ | सदस्य, वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | पेम्बा तामाङ | सदस्य, वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | हजार सिं लामा तामाङ | सदस्य, वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | प्रेम बहादुर तामामङ | सदस्य, वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | इन्द्र लाल तामाङ | सदस्य, वडा अध्यक्ष वडा नं. ७ | |
| १० | तेमाल सिं तामाङ | सदस्य, वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | चन्द्र बहादुर लामा | सदस्य, वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | छ्योइसाङ तामाङ | कार्यपालिका सदस्य | |
| १३ | सुसिला माझी | कार्यपालिका सदस्य | सुसिला |
| १४ | मोहन माया सुनार | कार्यपालिका सदस्य | मोहन |
| १५ | अन्जु विश्वकर्मा | कार्यपालिका सदस्य | अन्जु |
| १६ | केशव रसाइली | कार्यपालिका सदस्य | |
| १७ | चन्डिका भुजेल | कार्यपालिका सदस्य | |
| १८ | योगेन्द्र राज गुरुङ्ग | प्रमुख प्रशासकीय अधिकृत | |

आमान्त्रित

१. उज्जवल लामा

२. उम्बा बटाला

३. सूर्य प्रसाद डिपकी

**प्रस्तावहरु**

१. गत कार्यपालिकाको बैठकको नियमित समिक्षा सम्बन्धमा ।
२. प्रहरी कार्यालय सम्बन्धमा ।
३. रकमान्तर गर्ने सम्बन्धमा ।
४. लैङ्गिक तथा यौनजन्य दुर्व्यवहार आचारसहिंता पारित गर्ने सम्बन्धमा ।
५. हिउँदे अधिवेशनको मिति तय गर्ने सम्बन्धमा ।
६. खुल्ला अध्यक्ष कप भलिबल प्रतियोगिता गर्ने सम्बन्धमा ।
७. विद्यार्थीहरुलाई स्टेशनरी सामाग्री वितरण सम्बन्धमा ।
८. तेमाल ग्रामिण आँखा केन्द्र सञ्चालन सम्बन्धमा ।
९. कम्पनी नविकरण गर्ने सम्बन्धमा ।
१०. विविध सम्बन्धमा ।

**निर्णय नम्बर १:** प्रस्ताव नं. १ माथी छलफल गर्दा यस गाउँकार्यपालिकाको अघिल्लो कार्यपालिकामा भएका निर्णयहरुको कार्यन्वयनको सन्दर्भमा भएका समस्याहरुको पहिचान गर्दै सो सम्बन्धमा भएका प्रगतिहरुको बारेमा कार्यपालिकाका सदस्यहरुमाझ पुन छलफल गर्दा गत असोज १०,११ र १२ गतेको अविरल वर्षाका कारण भएको विपद्को भुक्तानी Time Base मा भुक्तानी गर्ने निर्णय गरियो र साथै अन्य प्रगतिहरुको छलफल गरी समिक्षा गरियो ।

**निर्णय नम्बर २:** प्रस्ताव नं. २ माथी छलफल गर्दा तेमाल गाउँपालिका वडा नं. ५ स्थित मसान घाटको नाममा मालपोत कार्यालयमा धुलिखेलमा श्रेष्ता दर्ता रहेको साविक पोखरी नारायणस्थान गाविस वडा नं. ३ कि.नं ४६३ क्षेत्रफल १४-१५-०-३ रोपनी जग्गा मध्ये जम्मा ६ रोपनी जग्गामा प्रहरी चौकी ( निकटतम भविष्यमा ईलाका प्रहरी कार्यालय) को प्रशासनिक भवन लगायतका भौतिक पूर्वाधार निर्माण गर्न जग्गा प्रासिका लागि आवश्यक प्रक्रिया आगाडी बढाइएका जग्गा हाललाई आस्थायी प्रहरी कार्यालय भवन निर्माण गर्ने सर्वसम्मत निर्णय गरियो ।साथै उक्त कार्यका लागि पालिकास्तरिय योजनाको ठेक्का प्रक्रियाबाट भएको योजनाको बाँकी रकमबाट भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नम्बर ३: प्रस्ताव नं.३ माथी छलफल गर्दा तेमाल गाउँपालिकाको आ.व. २०८१।०८२ को बार्षिक विकास योजना एवं बजेट अनुसार गत असोज १०, ११ र १२ गतेको अविरल बर्षाका कारण विपद् कार्य गर्नका लागि वडा कार्यालयहरुबाट तपसिलका वडास्तरिय बजेट रकमान्तरका लागि निवेदन प्राप्त भएको उक्त योजनाहरुको रकमान्तर गरि आ.व. २०८१।८२ को हिउँदे गाउँ अधिवेशनमा अनुमोदनका लागि पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नम्बर ४: प्रस्ताव नं. ४ माथी छलफल गर्दा तपसिल बमोजिमका कार्यविधि तथा आचारसंहिता पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

१. आपङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०८१
२. लैङ्गिक तथा यौनजन्य दुर्व्यवहार आचारसहिंता, २०८१

निर्णय नम्बर ५: प्रस्ताव नं. ५ माथी छलफल गर्दा १६ औं हिंउदे अधिवेशन मिति २०८१ माघ १० गते गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नम्बर : ६ प्रस्ताव नं. ६ माथी छलफल गर्दा तेमाल गाउँपालिका अध्यक्ष कप भलिबल प्रतियोगिता मिति २०८१।११।०७ प्रजातन्त्र दिवसका दिन समुद्घाटन गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नम्बर : ७ प्रस्ताव नं. ७ माथी छलफल गर्दा तेमाल गाउँपालिका अन्तर्गतका कक्षा १-३ मा विद्यार्थिहरुलाई तपसिलका स्टेशनरी सामाग्री वितरण गर्न विविध खर्च शीषकबाट रु ३५००००/- अक्षरुपी तीन लाख पचास हजार मात्र व्यवस्थापन गर्ने सर्वसम्मत निर्णय गरियो ।

| क्रस | सामाग्रीको नाम | विद्यार्थी संख्या | परिमाण (पिस) |
|---|---|---|---|
| १ | ब्याग (झोला) | २०० | २०० |
| २ | टोपी | ५३० | ५३० |
| ३ | गलबन्दी | ५३० | ५३० |
| ४ | स्टेशनरी | ५३० | ५३० |

निर्णय नम्बर : ८ प्रस्ताव नं. ८ माथी छलफल गर्दा तिलगंगा आँखा अस्पताल र तेमाल गाउँपालिकाको साझेदरीमा पोखरी नारायणस्थान स्वास्थ्य संस्थामा तेमाल ग्रामिण आँखा केन्द्र सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नम्बर : ९ प्रस्ताव नं. ९ माथी छलफल गर्दा तेमाल गाउँपालिकामा दर्ता रहेको हेन्जेन दोर्जे कम्पनी प्रा.लि. को नविकरण गर्ने सर्वसम्त निर्णय गरियो ।

विवध (क) विविध (क) माथी छलफल गर्दा तेमाल गर्दा तेमाल गाउँपालिका वडा नं. ५ स्थित पोखरी नारायणस्थान स्वास्थ्य चौकीमा कार्यरत (क.सं.नं. २२२३०९) सि.अ.न.मी. श्री मीन माया मोक्तानले यस तेमाल गाउँपालिकाबाट पूर्व स्वीकृती लिई चिकित्सा शीक्षा आयोगको मिति २०८१।०५।०४ को प्रवेश परीक्षमा सामेल भई स्नातक तह नर्सिङ (BACHELOR IN NURSING SCIENCE) ३ वर्षे कार्यक्रममा नेपाल सरकारको छात्रवृति कोटामा त्रिभुवन विश्व विद्यालय चिकित्सा शास्त्र अध्ययन संस्थान, महाराजगञ्ज नर्सिङ क्याम्पस महाराजगञ्ज, काठमाण्डौको शैक्षिक कार्यक्रम २०८१।०८२ मा भर्ना भएको उक्त कार्यक्रमको कक्षा मिति २०८१।१०।१३ देखि सञ्चालन हुने भएकोले सोही मितिबाट लागुहुने गरि ३ वर्ष तलबी अध्ययन बिदा स्वीकृतका लागि निवेदन पेश भएको हुदाँ नेपाल स्वास्थ्य सेवा नियमावली २०५५ को नियम ५३ को उपनियम ४ बमोजिम निजको लाई ३ वर्षको तलबी अध्ययन बिदा स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

विवध (ख) विविध (ख) माथि छलफल गर्दा तेमाल गाउँपालिकामा वडा नं. १ स्थायी बसोबास गरिएको तपसिलबमोजिमका व्यक्तिको आर्थिक अवस्था कमजोर भएको हुदाँ उक्त व्यक्तिको निवेदनका आधारमा आर्थिक सहायत शीर्षकबाट आर्थिक सहयोग गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क सं | नाम | ठेगाना | विरामको आवस्था | गाउँपालिकाबाट सहयोग रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | सुनिता राना मगर | तेमाल-१ | टाउको सम्बन्धी रोग | १००००० | |

विवध (ग) विविध (ग) माथि छलफल गर्दा तेमाल गाउँपालिका वडा नं. ८ स्थित पिप्ले दोभानमा रहेको झोलुङ्गे पुल गत असोज १०, ११ र १२ गतेको अविरल वर्षाका कारण रोशी खोलाको बढीले पूर्ण रुपमा क्षति भएको हुँदा उक्त पुल पुनः निर्माण गर्नका लागि सस्पेन्सन वृज डिभिजन, पुल्चोक ललितपुरलाई सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो ।

विवध (घ) विविध (घ) माथि छलफल गर्दा तेमाल गाउँपालिकाका जनप्रतिनिधि,कर्मचारी तथा सम्बन्धित निकायहरु सँग सञ्चार तथा समन्वयका लागि प्रमुख प्रशाकीय अधिकृत लाई मासिक रु १५००/- अक्षरुपी  पन्ध्र सयका दरमा सञ्चार खर्च उपलब्ध गर्ने सर्वसम्मत निर्णय गरियो ।

CamScanner

विवध (ङ) विविध (ङ) माथि छलफल गर्दा तेमाल गाउँपालिकाको तपसिलका सेवाग्राही सन्तुष्टि सर्वेक्षण फारम/रजिष्टर सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

तपसिलः

तेमाल गाउँपालिका

गाउँपालिकाको कार्यालय,पोखरी नारायणस्थान

काभ्रेपलाञ्चोक, बागमती प्रदेश, नेपाल

सेवाग्राही सन्तुष्टि सर्वेक्षण फारम / रजिष्टर

| क्र.स | सेवाग्राहीको नाम थर | ठेगाना | मिति | कुन सेवा लिनका लागि आउनु भएको | तपाईप्रति कर्मचारीले कस्तो व्यवहार गरे | | | कार्यालयको सेवा प्रवाह कस्तो लाग्यो | | | | सेवा प्रवाहमा सुधार गर्नु पर्ने भए सुझाव दिनुहोस | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | उत्कृष्ट | ठिकै | अभद्र | उच्चतम | उत्तम | मध्यम | न्युन | | | |
| | | | | | | | | | | | | | | |

.......................................
चन्द्र बहादुर तामाङ
अध्यक्ष

.......................................
दलमान थोकर
उपाध्यक्ष

.......................................
योगेन्द्र राज गुरुङ्ग
प्रमुख प्रशासकीय अधिकृत

विवध (च) विविध (च) माथि छलफल गर्दा तेमाल गाउँपालिकाको विविध खर्च शीर्षकबाट भुक्तानी हुने गरी तेमाल गाउँपालिकाका गाउँसभा महिला सदस्यहरुलाई सारी खरिद गरि वितरण गर्ने सर्वसम्मत निर्णय गरियो ।

विवध (छ) विविध (छ) माथि छलफल गर्दा तेमाल गाउँपालिका वडा नं. ४ को स्वास्थ्य संस्था सवलीकरण/निर्माणका लागि प्रदेशबाट बजेट बिनियोजन भएको हुँदा उक्त स्थानमा पक्की भवन निर्माण प्रक्रिया आगडी बढाउने सर्वसम्मत निर्णय गरियो ।

विवध (ज) विविध (ज) माथि छलफल गर्दा मिति २०८१ असोज १०, ११ र १२ गतेको बाढीपहिरोबाट अवरुद्ध लाईन सुचारु गर्न दक्ष जनशक्तिको ज्यालाबाट भएको खर्च रकम रु ५७३८५०/- (अक्षरुपी पाँच लाख त्रिहत्तर हजार आठ सय पचास) मात्र तिमाल सामुदायिक ग्रामिण विद्युतीकरण सहकारी संस्था लिं लाई तेमाल गाउँपालिकाको विपद् व्यस्थापन कोषबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

विवध (ज) विविध (ज) माथि छलफल गर्दा तेमाल गाउँपालिका र Ultranet Communication बनेपा -७, काभ्रे सँग सम्झौता भई इन्टरनेट जडान कार्य हुँदा समयमै कार्य सम्पन्न गर्न नसकिएको फागुन १५ ग्ते सम्मका लागि म्याद थप निवेदन प्राप्त भएको हुँदा अल्टनेट कम्युनिकेसन प्रा.लि.लाई म्याद थप गर्ने निर्णय गरियो। साथै उक्त समय भित्र मा कार्य सम्पन्न गर्न नसकिएमा नियमानुसार कार्यबाही गर्ने सर्वसम्मत निर्णय गरियो ।

CamScanner